अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

**बैठक संख्याः** २५/०७८/०७९ **मितिः**२०७९/०३/३१

**अध्यक्षताः** प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ्ग

**उपस्थितिः**

| | | |
|---|---|---|
| प्रमुख | श्री बलदेवसिंह गोम्देन तामाङ्ग | उपस्थित |
| उप प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

**आमन्त्रित**

| | | |
|---|---|---|
| सहायक, प्रशासन शाखा | श्री सौजन कटुवाल | उपस्थित |

आज मिति २०७९ साल आषाढ ३१ गते अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बैठक बसी निम्न बमोजिम सर्वसम्मत निर्णयहरु गरियो ।

(१) अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षात्मक छलफल गरियो ।

(२) अर्जुनधारा नगरपालिकाको नगर सभाको एघारौं अधिवेशनमा निम्न बमोजिम प्रस्तावहरु पेश गर्ने निर्णय गरियोः

१. अर्जुनधारा नगरपालिकाको मेलमिलाप केन्द्र सञ्चालन पहिलो संशोधन विधेयक, २०७९
२. अर्जुनधारा नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धि विधेयक, २०७९
३. अर्जुनधारा नगरपालिका न्यायिक समिति कार्यविधि सम्बन्धि ऐनको दफा ६२ को उपदफा (२) तथा दफा ६३ को उपदफा (२) बमोजिम थप भएका मेलमिलापकर्ताको विवरण स्वीकृति सम्बन्धि प्रस्ताव ।

(३) अर्जुनधारा नगरपालिकाका भाषा, कला,साहित्य सँस्कृति प्रवर्द्धन समिति सञ्चालन कार्यविधि, २०७६, नगर खेलकुद विकास समिति सञ्चालन कार्यविधि, २०७६, नगर युवा परिषद सञ्चालन कार्यविधि, २०७६ का केहि विषयहरुमा सामयिक संशोधन गर्नुपर्ने भएकाले अनुसुची (१) बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

(४) भूमिहीन दलित, भुमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको लगत सङ्कलन सम्बन्धि कार्यविधि, २०७८ को दफा ४ को उपदफा (१) को बुँदा नं (घ) बमोजिम अर्जुनधारा नगरपालिका स्तरीय भूमिहीन तथा अव्यवस्थित बसोवासी व्यवस्थापन सहजिकरण समितिको सदस्यमा कार्यपालिका सदस्य श्री सन्तोष मेचे र कार्यपालिका सदस्य श्री मुना खत्रीलाई मनोनयन गर्ने निर्णय गरियो ।

(५) राष्ट्रिय भूमि आयोगद्वारा भूमिहीन दलित, सुकुम्वासी तथा अव्यस्थित बसोवासीहरुको लागि जग्गा उपलब्ध गराउने सम्बन्धि प्रयोजनका लागि तोकिएको समयावधि भित्र आवेदन पेश गर्ने लाभग्राहीहरु मध्ये यस नगरपालिका क्षेत्र भित्रका केही वडाहरुको खोलाधार क्षेत्रमा बसोवास गरिरहेका व्यक्तिहरुले साविकमा खोलाले ओगटेको क्षेत्र खोलाधार परिवर्तन भई खोला अर्को दिशातर्फ वहेर खाली रहेको जमिन उपयोग गरी सोही आधारमा फाराम भराई पेश गरेको तर पहिला खोला कुलो पैनी बाटो वनक्षेत्र रहेको एरियामा नाप नक्सा गरी लाभग्राहीहरुको माग अनुसार वितरण गर्न नसक्ने व्यहोरा राष्ट्रिय भूमि आयोगद्वारा जारी निर्देशिका तथा कार्यविधिमा उल्लेख भएको बुझिएकाले साविकको नदी क्षेत्र वन क्षेत्र बाटो लगायत वर्षौं देखि वसोवास गरी रहेका लाभग्राहीहरुलाई उक्त जग्गा उपलब्ध गराउन राष्ट्रिय भूमि आयोग तथा सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

(६) अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालयहरुबाट संकलन हुने कर तथा राजश्व संकलनलाई प्रविधिमैत्री बनाउँदै अनलाईन मार्फत भुक्तानी सेवा प्रणाली सुरु गर्ने निर्णय गरियो ।

(७) अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका निकायहरुमा नगरपालिकाको विनियोजनबाट पारिश्रमिक तथा सुविधा प्राप्त गर्ने गरी चालु आर्थिक वर्ष २०७८/०७९ को आषाढ मसान्तसम्म अनवरत रुपमा करार सेवामा कार्यरत कर्मचारीहरुको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत करार सेवामा कार्यरत कार्यसम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिका लागि करार सम्झौता सम्बन्धि मापदण्ड, २०७८ बमोजिम कार्यसम्पादन मूल्याङ्कन गरी तोकिएको सूचक अनुसार कार्यमसम्पादन स्तर सन्तोषजकन हुने कर्मचारीहरुको सेवा करार नविकरण गरी आगामी आर्थिक वर्ष २०७९/०८९ मा समेत निरन्तरता दिने र हाल खाइपाइ आएको मासिक पारिश्रमिकमा १५ प्रतिशतले वृद्धि गर्ने निर्णय गरियो।

(८) अर्जुनधारा नगरपालिकाका सामुदायिक विद्यालयहरुमा कार्यरत बाल शिक्षा शिक्षक तथा विद्यालय कर्मचारीहरुको खाइपाइ आएको सुविधामा नगरपालिकाको तर्फबाट आगामि आर्थिक वर्ष २०७९/०८० मा मासिक पारिश्रमिकमा रु १०००/- थप गरी उपलब्ध निर्णय गरियो ।

(९) यस अर्जुनधारा नगरपालिका समेतलाई विपक्षी बनाई विभिन्न अदालतहरुमा दायर भएका मुद्दा तथा नगरपालिकाको न्यायिक समितिबाट न्यायिक निरुपणका क्रममा कानूनी सल्लाहकारका रुपमा विगत वर्षहरुबाटै परामर्श सेवा उपलब्ध गराउँदै आउनु भएका अधिवक्ता श्री चित्रबहादुर मगरलाई निजले उपलब्ध गराउनु भएको सेवाका संख्याका आधारमा प्रचलित सेवाशुल्क बमोजिम पारिश्रमिक भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

(१०) अर्जुनधारा नगरपालिकाकको ठेक्का नं ०१/०७८/०७९ आइतबारे पशु चौपाया विक्री कर साप्ताहिक हाटबजार भिटौरी सहित कर संकलनका लागि कार्यालयबाट मिति २०७९/०३/१२ मा प्रकाशित सूचना बमोजिम पर्न आएका दुई वटा बोलपत्र प्रस्तावको मिति २०७९/०३/२९ मा मूल्याङ्कन हुँदा जय जलेश्वर ट्रेडर्श शनिश्चरेले रु ४७,५३,९७४.३३ कबोल गरी पेश गरेको प्रस्ताव अधिक मूल्याङ्कित भएकाले मूल्याङ्कन समितिको सिफारिस बमोजिम अर्जुनधारा नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त ) कार्यविधि, २०७५ को दफा ९ बमोजिम उक्त प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

अनुसुची (१)

(निर्णय नं ३ सँग सम्बन्धित)

| कार्यविधि | दफा | मौजुदा व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| भाषा, कला,साहित्य सँस्कृति प्रवर्द्धन समिति सञ्चालन कार्यविधि, २०७६ | दफा ४ को उपदफा (१) को बुँदा नं क | क. नगर प्रमुखले नगरपालिकाकाका निर्वाचित जनप्रतिनिधि मध्ये नियुक्त गरेको व्यक्ति- संयोजक | क. नगर प्रमुखले भाषा, कला,साहित्य सँस्कृति प्रवर्द्धनका क्षेत्रमा योगदान पुर्याएका नगरवासी मध्येबाट नियुक्त गरेको व्यक्ति- संयोजक |
| | दफा ४ को उपदफा (१) को बुँदा नं च | च. प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तर कर्मचारी १ जना- सदस्य सचिव | च. प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी १ जना- सदस्य सचिव |
| नगर खेलकुद विकास समिति सञ्चालन कार्यविधि, २०७६ | दफा ४ | क.नगर प्रमुखले तोकेको अर्जुनधारा नगरपालकाका निर्वाचित जनप्रतिनिधिहरु मध्ये १ जना- अध्यक्ष<br>घ. नगर प्रमुखले तोकेको कर्मचारी- सदस्य सचिव | क.नगर प्रमुखले तोकेको अर्जुनधारा नगरवासी मध्ये सम्बन्धित क्षेत्रमा योगदान पुर्याएका व्यक्तिहरु मध्ये १ जना- संयोजक<br>ख. प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी- सदस्य सचिव |
| नगर युवा परिषद सञ्चालन कार्यविधि, २०७६ | दफा ३ | क.नगर प्रमुखले नियुक्त गरेको अर्जुनधारा नगरपालकाका निर्वाचित जनप्रतिनिधिहरु मध्ये १ जना- संयोजक | क.नगर प्रमुखले तोकेको अर्जुनधारा नगरवासी मध्ये सम्बन्धित क्षेत्रमा योगदान पुर्याएका व्यक्तिहरु मध्ये १ जना- संयोजक |